आज मिति २०७७/१२/०५ गते बिहिवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेमेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | धर्पु गुरुङ | कार्यवाहक अध्यक्ष ( वडा नं. ३ ) |
| | | |
| | | |

प्रस्तावहरु:

१. शोक प्रस्ताव सम्बन्धमा।

२. करार सम्झौता नविकरण सम्बन्धमा।

३. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण कार्यविधि संशोधन गर्ने सम्बन्धमा।

४. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७ को संशोधन सम्बन्धमा।

५.. डोल्मा विल्डर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।

६. खरिद सम्झौता रद्द एवं जमानत जफत अनुमोदन सम्बन्धमा।

७. खिङ्गामा स्वास्थ्य कर्मि र प्रहरी खटाईदाको खर्च व्यवस्थापन सम्बन्धमा।

८. विद्यालयको लेखापरिक्षणको लागि लेखापरिक्षक छनौट सम्बन्धमा।

९. शिक्षाको सशर्त अनुदान तर्फको शौचालय निर्माण सम्बन्धमा।

१०. विद्यालय समायोजन तथा शिक्षक व्यवस्थापन सम्बन्धमा।

११. पार्किङ शुल्क सम्बन्धमा।

१२. कार्यालय भवन एवं धारा मर्मत तथा ट्याङ्कि खरिद वापतको खर्च भुक्तानि गर्ने सम्बन्धमा।

**निर्णयहरू:**

CamScanner

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथी छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानेन्द्र शर्माकी ममतामयि आमा स्व. टीकादेवी शर्माको मिति २०७७/११/०२ गते भएको असामयिक निधनप्रती गहिरो दुख व्यक्त गर्दै शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामनासहीत शोक सन्तप्त परिवारजनप्रती हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारीत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथी छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका शाखा वा कार्यालयमा करारमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीको मिति २०७७/१०/०१ गते देखि लागु हुने गरी मिति २०७७ असार मसान्त सम्म ( ६ महिनाको लागि) करार नविकरण गर्ने निर्णय गरीयो ।

तपशिलः

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | उमेश दाहाल | फिल्ड सहायक | गाउँ पालिका कार्यालय | |
| २ | सन्जया सुवेदी | फिल्ड सहायक | गाउँ पालिका कार्यालय | |
| ३ | मन बहादुर सार्कि | अ. सब ईन्जिनियर | गाउँ पालिका कार्यालय | |
| ४ | सरिता वि.क. | अ.न.मी. | छुसाङ स्वास्थ्य चौकी | |
| ५ | कल्पना चौधरी | अ.न.मी. | झोङ स्वास्थ्य चौकी | |
| ६ | शुष्मा कुमारी शाही | अ.हे.व. | कागबेनी स्वास्थ्य चौकी | |
| ७ | अनिता कुमारी शाही | अ.न.मी. | झारकोट स्वास्थ्य चौकी | |
| ८ | गिता शाही | अ.हे.व. | छुसाङ स्वास्थ्य चौकी | |
| ९ | पेमा लमु योल्मु | ना.प्रा.स. | कृषि सेवा शाखा | |
| १० | मनिषा जि.सी. | ना.प.से.प्रा. | पशु सेवा शाखा | |
| ११ | वासु थकाली | का.स. | पशु सेवा शाखा | |
| १२ | छिरिङ घ्याप्लो गुरुङ | का.स. | गाउँपालिका कार्यालय | |
| १३ | रोशनी नेपाली | का.स. | गाउँपालिका कार्यालय | |
| १४ | नारायण योगी | का.स. | वडा नं. १ को कार्यालय | |
| १५ | कमल बहादुर गुरुङ | का.स. | वडा नं. २ को कार्यालय | |
| १६ | सरीला परियार | का.स. | वडा नं. ३ को कार्यालय | |
| १७ | कर्म झुङ्गे गुरुङ | का.स. | वडा नं. ४ को कार्यालय | |
| १८ | शान्ति मेन्दोक गुरुङ | का.स. | वडा नं. ५ को कार्यालय | |
| १९ | शान्ती वि.क. | का.स. | झारकोट स्वास्थ्य चौकी | |
| २० | सोनी गुरुङ | का.स. | छुसाङ स्वास्थ्य चौकी | |
| २१ | दावा गुरुङ | का.स. | झोङ स्वास्थ्य चौकी | |
| २२ | छिरीङ डोमा गुरुङ | का.स. | आयुर्वेद औषधालय | |
| २३ | रिक बहादुर गुरुङ | ह.स.चा. | गाउँपालिका कार्यालय | |
| २४ | पुनिसरा पुर्जा | का.स. | कागबेनी स्वास्थ्य चौकी | |
| | | | | |

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधिमा तपशिल बमोजिमको प्रावधान थप गरी पछि गाउँ सभाले अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरीयो ।

तपशिलः

दफा १८ खारेजी र बचाउः यो कार्यविधि बन्नु भन्दा अगाडी गाउँपालिकाबाट व्यवसाय दर्ता सम्बन्धमा भएका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७ मा तपशिल बमोजिम पछि गाउँ सभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरीयो ।

तपशिलः

क) कार्यविधीको दफा ९ को उपदफा ङ र च हटाउने र सोहि दफाको उपदफा १ थप गरी " आवश्यक परेको अवस्थामा वन सब डिभिजन कार्यालय मुस्ताङको प्रमुख वा अधिकृत प्रतिनिधि र खानेपानी जलस्रोत तथा सिंचाई विकास सब डिभिजन कार्यालय मुस्ताङको कार्यालय प्रमुख वा अधिकृत लाई आमन्त्रण गर्न सकिनेछ" भन्ने प्रावधान थप गर्ने।

ख) उक्त कार्यविधिको अनुसूची २ निम्मानुसार हुने गरी संशोधन गर्ने।

अनुसूची-२

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागबेनी, मुस्ताङ

जलश्रोत उपभोक्ता संस्था/समिति दर्ता प्रमाण-पत्र

दर्ता मितिः

दर्ता नं.

श्री ................................................................।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. .... मा रहेको ............................लाई गाउँ जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा १ बमोजिम मिति ..................... मा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा गाउँ जलश्रोत कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नु होला । संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं. ...... मा रहने छ । साथै प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तसम्म संस्था नवीकरण गर्नुहुन समेत जानकारी गराईन्छ ।

प्रमाणपत्र जारी गर्नेको

दस्तखतः

नाम, थरः

पदः

मितिः

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथी छलफल गर्दा डोल्मा बिल्डर्स प्रा.लि. ले "घ" वर्गको निर्माण ब्यवसायी इजाजतपत्र को लागि आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा उक्त डोल्मा बिल्डर्स प्रा.ली. लाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरीयो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथी छलफल गर्दा २०७७।०९।१६ गते दोस्रो पटक प्रकाशित **"निलोतुथो, सर्वोतेल, भ्याङ, हेण्ड स्पेयर, सिकेचर र करौती खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वावानको सूचना"** बमोजिम परेका विभिन्न शिलबन्दी दरभाउपत्रहरु मध्ये थापा एण्ड सन्स इन्टरप्राइजेज प्रा.लि. को दरभाउपत्र स्विकृत भई मिति २०७७/१०/१२ गते १५ दिन भित्र सामान उपलब्ध गराउने भनि वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यालय र उक्त थापा एण्ड सन्स ईन्टरप्राइजेज प्रा.लि. बिच सम्झौता भएकोमा उक्त प्रा.लि. ले सम्झौता बमोजिम समयमा समयमा सामान उपलब्ध गराउन नसकेका कारण वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यालयको मिति २०७७/१२/०४ गते सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ उपदफा ७ बमोजिम उक्त थापा एण्ड सन्स इन्टरप्राइजेज संगको खरिद सम्झौता रद्द गर्ने भनि गरीएको निर्णय यस कार्यपालिकाबाट समेत अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथी छलफल गर्दा माथी छलफल गर्दा कोभिड १९ को प्रभाव न्युनहुँदै जाँदा स्वास्थ्य मापदण्ड अपनाए र मुक्तिनाथ मन्दिर पर्यटकहरुको लागि खुला गर्ने क्रममा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ खिङ्गामा चेक जाँचको लागि एक जना स्वास्थ्य कर्मी र २ जना प्रहरी खटाईएकोमा उक्त कार्यको लागि भएको खर्च गाउँपालिकाले भुक्तानी दिने निर्णय गरीयो।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुको आ.व. २०७४/०७५, ०७५/७६ र ०७६/७७ को लेखापरिक्षणको लागि मिति २०७७/०६/१४ मा दरखास्त पेश गर्ने भनि गरीएको सूचना अनुसार रित पुर्वक दर्ता हुन आएका लेखापरीक्षकहरुबाट तपशिल बमोजिमका विद्यालयहरुको लेखापरिक्षण गर्न तपशिल बमोजिमका लेखापरिक्षक छनोट गर्ने निर्णय गरीयो ।

विषयः- *लेखापरिक्षणका लागि लेखापरिक्षक नियुक्त गरिएको सम्बन्धमा ।*

| क्र.स. | लेखापरीक्षको नाम थर र ठेगाना | सम्पर्क नं. | फर्म वा कम्पनिको नाम | लेखापरिक्षण गर्ने बिद्यालयहरु |
|---|---|---|---|---|
| १ | राम ब. लामिछाने | ९८४६०३४४६५ | आर.बि. लामिछाने एण्ड एसोसियट्स | श्री जनशान्ति मा.बि. कागबेनी<br>श्री लुप्रा आ.बि. लुप्रा<br>श्री दिपज्योति आ.वि. चैले |
| २ | केशवराज ढुंगाना | ९८५६०२५३७१ | के.आर.डि. एसोसियट्स | श्री जननर्मल आ.बि. छुमाङ<br>श्री ताङ्बे आ.बि. ताङ्बे<br>श्री ज्योति आ.बि. तेताङ |
| ३ | दिपक ब. लामिछाने | ९८५६००१२२२ | दिपक एसोसियट्स | श्री पाङ्लिङ आ.बि. पाङ्लिङ<br>श्री जनप्रिय आ.बि. झोङ |
| ४ | तेजेन्द्र प्र. खनाल | ९८५६०३८३११ | तेजेन्द्र एण्ड एसोसिएट्स | श्री जनशेवा आ.बि. पुटाक<br>श्री छैङ्गुर आ.बि. छैङ्गुर |
| ५ | क्षेत्रनाथ सुबेदी | ९८५६०००३३२ | के.एन.एसोसियट्स | श्री ज्वालामुखि आ.बि. पुराङ<br>श्री हिमालि आ.बि. शान्ता |
| ६ | लिला ब. थापा | ९८४६३२४४३८ | एल.बि. थापा एण्ड एसोसिएट्स | श्री मुक्तिनाथ आ.वि. झारकोट<br>श्री ज्ञानभुमि आ.बि. खिंगा |

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ माथी छलफल गर्दा आ.व. २०७७/७८ मा शिक्षा तर्फको कम्पोनेन्ट नं. ११.१.२.१ मा विद्यालय भौतिक पुर्वाधार WASH सुविधा भएको शौचालय निर्माण तर्फ रु. ७००,००० (सात लाख) विनियोजित भएकोले शौचालय आवस्यकता भएका सम्बन्धित विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित विद्यालय रहेको वडाको सिफारीस सहित निवेदन पेश गर्न मिति २०७७/११/२६ को सूचना अनुसार श्री जनशान्ति मा.वि. कागबेनी र श्री जन नर्मल आ.वि. छुसाङबाट आवश्यकताको निवेदन पेश हुन आएकोले उक्त दुवै विद्यालयहरुलाई बराबर रकम (रु. ३५००००/- का दरले ) उपलब्ध गराइने निर्णय गरीयो ।

**निर्णय नं. १०:** प्रस्ताव नं. १० माथी छलफल गर्दा शिक्षा , मानव स्रोत व्यवस्थापन केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा ) ले यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा कार्यरत जम्मा प्रा.वि. ४८ शिक्षक दरबन्दी मध्ये २१ दरबन्दी कायम, २ माथिल्लो तहमा गणना हुने र खुद पुलमा रहेको संख्या २५ हुन आएकोले सवै गाउँहरुमा रहेका प्रा.वि. विद्यालयहरुमा शिक्षक वितरण हुन नसक्ने भएकोले विद्यालय समायोजन गरी गाउँपालिका भित्र जम्मा ४ वटा (जनशान्ति मा.वि. कागबेनी, जन नर्मल आ.वि. छुसाङ, लुप्रा आ.वि. लुप्रा र मुक्तिनाथ आ.वि. झारकोट सहित आवश्यकता रहेका ठाउँहरुमा प्रारम्भिक बाल विकास केन्द्र रहने गरी काम सुरु गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ माथी छलफल गर्दा बिगत देखि काम गर्दै आएको क्लव सँग छलफल गरी वार्षिक रुपमा रु. ७००००० (सात लाख रुपैंया) लिने गरी सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

**निर्णय नं. १२:** प्रस्ताव नं. १२ माथी छलफल गर्दा गा.पा. कार्यालय भवन एवं धारा मर्मत तथा ट्याङ्कि खरिद वापतको खर्च भुक्तानि गा.पा. को बजेटको, "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार तथा सञ्चालन खर्च शिर्षक" बाट (खर्च शिर्षक नं. २२२३१) प्राविधिकको इष्टिमेट बमोजिम भुक्तानी दिने निर्णय गरीयो ।